# नलगाड नगरपालिका

## शिक्षा युवा तथा खेलकूद शाखा

दल्ली,जाजरकोट

कर्णाली प्रदेश

प.सं. ०७५।०७६
च.नं. १६४

मिति : २०७५।१२।२७

# सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषय सम्बन्धमा मिति २०७५।१२।२६ गते नलगाडमा भएको जनप्रतिनिधि र प्रधानाध्यापकहरूको गोष्ठीले आगामी शैक्षिक शत्र २०७६ का लागि विद्यालयमा गरिने तपसिल अनुसारका कर्यियोजनाको निर्णय भएकाले सो अनुसार कार्यान्वियन गर्नु गराउनु हुन सबैलाई हार्दिक अनुरोध छ ।

१. ०७६।०१।०२ देखि नयाँ विद्यार्थी भर्ना बैशाख १४ गतेसम्म अनिवार्य गर्ने र औचित्य हेरी छुट भर्ना बैशाख मसान्तसम्म गर्ने र अविभाबक अनिबार्य उपस्थित हुनुपर्ने ।

२. प्रवेश परीक्षा वा सर्टिफिकेट विना भर्ना गर्न नपाईने ।

३. बैशाख ५ गते पाठ्यपुस्तक बितरण गरी पठनपाठन शुरू गर्ने ।

४. विना सूचना लगातार १५ दिनसम्म विद्यार्थी अनुपस्थित भएमा अविभाबकलाई जानकारी दिने र १ महिनासम्म अनुपस्थित भएमा नाम कटौति गर्ने ।

५. विद्यालय सहयोग शुल्क तथा अन्य विविध शुल्क बि.ब्य.स.को निर्णय अनुसार लिन सकिने ।

६. प्रत्येक शुक्रबार ६-१० कक्षा संचालन भएका विद्यालयमा पाँचौं घण्टी र अन्यमा चौथो घण्टी पश्चात् अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने ।

७. बर्षे विदा असार १६ गतेदेखि श्रावण १५ गतेसम्म गर्ने ।

८. पहिलो त्रैमासिक परीक्षा असार ०८ देखि ११ गते, दोस्रो त्रैमासिक परीक्षा पौष २ गतेदेखि र बार्षिक परीक्षा चैत्र ९ गतेदेखि शुरू गर्ने र परीक्षाको नतिजा बिश्लेशण गरी विद्यार्थी र अविभाबकलाई जानकारी दिने । र विधार्थी संख्याको आधारमा २ सिफ्टमा परीक्षा संचालन गर्ने ।

नगर शिक्षा प्रमुख

Scanned by CamScanner

९. सबै किसिमको परीक्षा संचालनको लागि परीक्षा शुल्क लिने र वार्षिक परीक्षा (कक्षा ४ देखि ९सम्म) को प्रश्न पत्र नगर परिक्षा समितिले तयार गर्ने।

१०. विद्यार्थीको क्षमता अनुसार प्रयोगात्मक नम्बर दिने।

११. नगर शिक्षा तथा विद्यालयले तय गरेका विद्यार्थी आचारसंहिता लागू गर्ने यदि ३ पटकसम्म चेतावनी दिदा समेत पालना नगरेमा विद्यालयबाट निष्कासन गर्न सक्ने।

१२. विदा स्वीकृत नगरी अनुपस्थिति हुने शिक्षक तथा कर्मचारीको तलब भत्ता कट्टी गर्ने।

१३. शिक्षकले विद्यालयको नियमित समय (१०-४) अनिवार्य पालन गर्ने अटेरी गरेमा अनुपस्थित समय अनुसार त.भ. कट्टी गर्ने।

१४. अनुपस्थित शिक्षकको घण्टी/विषयको अध्यापनको ब्यवस्था विद्यालय प्रशासनले मिलाउने।

१५. शिक्षकले आफ्नो कोर्ष अनिबार्य पूरा गर्ने नगरेमा प्र.अ. र विषय शिक्षकको तलब रोक्का गर्ने।

१६. प्र.अ.,शिक्षक र कर्मचारी ७ दिन भन्दा बढी विदा,काज वा अनुपस्थित भएमा अनिबार्य नगर शिक्षा तथा वडामा जानकारी दिने।

१७. प्र.अ.ले ३ दिन भन्दा बढी विदा वा काजमा जानु पर्दा अनिबार्य बि.ब्य.स.अध्यक्षको स्वीकृति लिनु पर्ने सो नगरेको पाइएमा तलब भत्ता कट्टी गर्ने।

१८. सबै विद्यालयहरुमा स्थायी तथा बरिष्ठ शिक्षकलाई सहायक प्र.अ तोक्ने ब्यबस्था गर्ने।

१९. सबै किसिमको परीक्षामा शिक्षकले अर्मयादित क्रियाकलाप गरेमा शिक्षा नियमावली अनुसार कारबाही गर्ने।

२०. अनिवार्य १९२ दिन पढाइ हुने दिन सुनिश्चित गर्ने

२१. फर्जी विद्यार्थी देखाउने,नक्कली सर्टिफिकेट बनाउने प्र.अ.,शिक्षक तथा कर्मचारीलाई कारबाही गर्ने

२२. सम्पूर्ण शिक्षकले नेपाल सरकारले तोकेको पोशाक अनिबार्य लगाउनु पर्ने।

२३. शिक्षक तथा कर्मचारीले नगर शिक्षा तथा विद्यालयले तयार गरेका आचार संहिता अनिबार्य पालना गर्नुपर्ने।

२४. पाठ्यपुस्तक,छात्रबृति वितरण तथा अभिभाबक भेल मा अविभाबक अनिबार्य उपस्थित हुनुपर्ने यदि उपस्थित नभएमा विद्यार्थीको सुबिधा कटौती गर्ने सकिने।

२५. विद्यार्थीको तोकिएको पोशाक तथा अन्य सामग्रीको ब्यबस्था अभिभबकले गर्नुपर्ने।

२६. विद्यार्थीले देखाउने अस्वाभाबिक पोशाक तथा क्रियाकलाप प्रर्दशन गरेमा सो को नियन्त्रण गर्ने जिम्मेवारी शिक्षक र अभिभाबकको हुनेछ।

२७. नगरपालिका भरी एकै समयमा वि.ब्य.स. गठन गर्नुपर्ने।

नगर शिक्षा प्रमुख

Scanned by CamScanner

२८. बि.ब्य.स. पदाधिकारीहरूले शिक्षा ऐन, नियमावली र नगर शिक्षा तथा विद्यालयले तयार पारेका अन्य आचारसंहिता पालना गर्नुपर्ने।

२९. नगर,वडा तथा बि.ब्य.स.ले शिक्षक तथा कर्मचारीको कामको उचित मूल्यांकन गरी पुरस्कार तथा दण्डको व्यबस्था गर्नुपर्ने।

३०. नगरपालिकाले दरबन्दी मिलान तथा दरबन्दी नभएको विद्यालयमा स्वयम् सेबक शिक्षकको व्यवस्था गर्नुपर्ने।

३१. नमूना विद्यालयहरूलाई व्यवहारिक रूपमा नमूना बनाउनुपर्ने।

३२. नगरभित्र आबासीय सामुदायिक माध्यमिक विद्यालयको विकास गर्ने।

३३. नगर स्तरीय कक्षा ८ को वार्षिक परीक्षा नजिकको विद्यालयमा केन्द्राध्यक्ष र केन्द्र तोकेर सञ्चालन गर्ने।

३४.विद्यालयको सम्पूर्ण गतिबिधिको सम्बन्धित सरोकारवाला निकाय तथा पक्षले अनुगमन गरी सल्लाह, सुझाब र सहयोग गर्ने साथै ऐन नियम विपरीत कार्य भए गरेको पाइएमा कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ३५. स्थानीय तहले उपलब्ध गराउने हरेक सेवा सुबिधाहरू विद्यालयको आबश्यकता र माग सम्बोधन हुने गरी निश्चित मापदण्डको आधारमा गर्नुपर्ने।

३६. बस्तीस्तरको योजना छनौट गर्दा विद्यालयका प्र.अ.लाई आमन्त्रण गर्नुपर्ने।

३७. वडा अध्यक्षले चौमासिक निकासामा शिक्षक, कर्मचारीको उपस्थितिको सुनिश्चितता गरी तलब भत्ता निकासा तथा कटौतीको सिफरिस गर्ने।

३८. शैक्षिक गुणस्तर वृद्धिको लागि आवश्यकता र मागको आधारमा शिक्षकलाई सहजीकरण गर्न *क्षमता अभिवृद्धि* तालिम सञ्चालन गर्ने।

३९. विद्यालयमा गएको हरेक बजेटको विवरण विद्यालयको कार्यालय भित्रको सूचना पाटीमा टाँस गर्ने।

४०. यी कार्यक्रम कार्यान्वियन भए नभएको सुनिस्चित गर्न वडा प्रतिनिधिको संयोजकत्वमा बि.ब्य.स. अध्यक्ष, शिक्षक अभिभाबक संघको अध्यक्ष, प्र.अ., बालक्लबको प्रतिनिधि सहित एक अनुगमन समिति रहने र प्रत्येक महिना बैठक बसी समीक्षा गर्ने।

बलबीर वि.क.

(शाखा प्रमुख)

Scanned by CamScanner